# A. General FAQs

## सर्वश्रेष्ठ बचत निक्षेप अर्न्तगत कति प्रकारका खाताहरु प्रस्ताव गरिएका छन् ?

सर्वश्रेष्ठ बचत निक्षेप अर्न्तगत १० प्रकारका खाताहरु छन् । ती खाताहरु र त्यसका Variant हरु निम्न बमोजिमका छन:

| S.N | Product Name | Variant |
|---|---|---|
| १ | सर्वश्रेष्ठ बचत खाता | The NIC ASIA Goodwill Ambassador<br>The Pride of NIC ASIA Bank<br>The Partner of NIC ASIA Bank |
| २ | सर्वश्रेष्ठ नारी बचत खाता | |
| ३ | सर्वश्रेष्ठ जेष्ठ नागरिक बचत खाता | |
| ४ | सर्वश्रेष्ठ तलब बचत खाता | |
| ५ | सर्वश्रेष्ठ स्थानीय बचत खाता | |
| ६ | सर्वश्रेष्ठ रेमिटेन्स् बचत खाता | |
| ७ | सर्वश्रेष्ठ बाबु नानी बचत खाता | No variant |
| ८ | सर्वश्रेष्ठ सहज बचत खाता | |
| ९ | सर्वश्रेष्ठ बण्डल सहज बचत खाता | |
| १० | सर्वश्रेष्ठ बिद्यार्थी बचत खाता | |

## सर्वश्रेष्ठ मुद्दती निक्षेप अर्न्तगत कति प्रकारका खाताहरु प्रस्ताव गरिएका छन् ?

सर्वश्रेष्ठ मुद्दती निक्षेप अर्न्तगत ४ प्रकारका खाताहरु छन् । ती खाताहरु र त्यसका Variant हरु निम्न बमोजिमका छन:

| S.N | Product Name | Variant |
|---|---|---|
| १ | सर्वश्रेष्ठ मुद्दती खाता | The NIC ASIA Goodwill Ambassador<br>The Pride of NIC AISA Bank<br>The Partner of NIC ASIA Bank |
| २ | सर्वश्रेष्ठ स्थानीय मुद्दती खाता | |
| ३ | सर्वश्रेष्ठ रेमिटेन्स् मुद्दती खाता | |
| ४ | सर्वश्रेष्ठ मासिक निक्षेप खाता | No variant |
| ५ | सर्वश्रेष्ठ रेमिटेन्स् मासिक निक्षेप खाता | |

## पुराना ग्राहकहरु जसको सर्वश्रेष्ठ बचत योजनामा पहिला देखि नै खाता छ भने नयाँ थप गरिएका सुविधाहरु सो ग्राहक समुहले कसरी प्राप्त गर्न सक्नुहुन्छ ?

पुराना ग्राहकहरुले थप गरिएका सुविधाहरु स्वत: प्राप्त गर्नहुन्छ तर थप इच्छाएका व्यक्तिका लागी बीमा सुविधाको सम्वन्धमा ग्राहकले इच्छाएका व्यक्तिको विवरण बैंकलाई उपलब्ध गराउनु पर्दछ ।

## ग्राहकले Scheme Conversion गरी सर्वश्रेष्ठ बचत खाताहरुमा आएको अवस्थामा विभिन्न सेवा सुविधाहरुको शुल्कमा कसरी छुट प्राप्त गर्न सक्नु हुन्छ ?

Scheme Transfer को मिति अगाडि यदि ग्राहकले सेवा वापतको शुल्क तिरीसकेको अवस्थामा आगामी वर्षहरुमा लाग्ने शुल्क मिनाह हुनेछ र शुल्क नतिरेको अवस्थामा सोही वर्ष देखि सेवा शुल्क मिनाह हुनेछ ।

## ग्राहकको खाता पहिले रहेको अवस्थामा, Existing ग्राहकले यो खाताको लाभ कसरी लिन सक्छन् ?

खातामा पर्याप्त मौज्दात जम्मा गरे पश्चात: एन आई सी एसिया बैंकको जुनसुकै शाखामा गएर Scheme Transfer Form भरेर वा i-Serve Platform बाट Scheme Transfer को Request गरेर सर्वश्रेष्ठ बचत खाताहरुको लाभ लिन सक्नुहुन्छ । i-Serve Platform MoBank तथा Website मा पनि उपलब्ध छ ।

## सर्वश्रेष्ठ बचत खातामा Scheme Change/Transfer गर्दा शुल्क लाग्छ कि लाग्दैन ?

सर्वश्रेष्ठ बचत खातामा Scheme Change/Transfer गर्दा कुनै शुल्क लाग्दैन् ।

## Published Fixed Deposit Interest Rate मा ब्याजमा थप (Premium) दिन मिल्छ कि मिल्दैन ?

मुद्दती खातामा Published Interest Rate मा थप ब्याज (Premium) राष्ट्र बैंकको नीति नियम अनुसार दिन मिल्दैन ।

## B. FAQs on Insurance Related Benefits

**सर्वश्रेष्ठ बचत खाताहरुमा बीमा लाभ कुन कुन प्रकारका खाताहरुमा उपलब्ध छ ?**

सर्वश्रेष्ठ बचत खाताहरुको निम्न variants हरुमा बीमा लाभ उपलब्ध छ :-

- The NIC ASIA Goodwill Ambassador
- The Pride of NIC ASIA Bank
- The Partner of NIC ASIA Bank

**सर्वश्रेष्ठ बचत खाताहरुमा कति रकम बराबरको बीमा सुविधा उपलब्ध छ ?**

सर्वश्रेष्ठ बचत खाताहरुमा प्रति खाता (खातावाला र मनोनित व्यक्तिहरु समेत), प्रति वर्ष निम्न बमोजिम बीमा सुविधा उपलब्ध छन्:

| Particulars | Ambassador | Pride | Partner |
|---|---|---|---|
| Accidental Insurance | Rs. 40 lakhs | Rs. 20 lakhs | Rs. 10 lakhs |
| Critical Illness | Rs. 40 lakhs | Rs. 20 lakhs | Rs. 10 lakhs |
| Medical Insurance | Rs. 4 Lakh (OPD up to Rs. 80,000 and Hospitalization treatment up to Rs. 3,20,000) | Rs. 2 Lakh (OPD up to Rs. 40,000 and Hospitalization treatment up to Rs. 1,60,000) | Rs. 1 Lakh (OPD up to Rs. 20,000 and Hospitalization treatment up to Rs. 80,000) |

**सर्वश्रेष्ठ बचत खाताहरुमा बीमा सुरक्षण खातावाला वाहेक अरु कसले प्राप्त गर्ने छ ?**

- सर्वश्रेष्ठ बचत खाता अन्तर्गत The NIC ASIA Goodwill Ambassador श्रेणीमा खातावाला बाहेक खातावालाले इच्छाएको कुनै तीन व्यक्तिले बीमा सुरक्षण प्राप्त गर्ने छन् ।
- The Pride of NIC ASIA Bank श्रेणीमा खातावाला बाहेक खातावालाले इच्छाएको कुनै एक व्यक्ति बीमा सुरक्षण प्राप्त गर्ने छन् ।
- The Partner of NIC ASIA Bank श्रेणीमा खातावालाले मात्र बीमा लाभ प्राप्त गर्नेछन् ।

**सर्वश्रेष्ठ बचत खाताहरुमा बीमा सुविधा कति वर्षको लागि उपलब्ध छ ?**

सर्वश्रेष्ठ बचत खाताहरुको तीन श्रेणीमा खाता खोलेको मिति अथवा Scheme Transfer गरेको मितीबाट ५ वर्ष सम्मको लागि बीमा सुविधा उपलब्ध छ ।

**बीमा सुविधा ५ वर्ष सम्म प्राप्त गर्ने सम्बन्धमा खातावाला कसरी निर्धक्क हुन सक्छन् ?**

वैंकले खातावालालाई बैंकका आधिकारीक व्यक्तिले हस्ताक्षर सहितको Offer Letter उपलब्ध गराउँछ जसमा बीमा सम्वन्धी शर्तहरु उल्लेख गरेको हुन्छ ।

**खातावालाले इच्छाएको व्यक्तिले बीमा लाभ कसरी प्राप्त गर्न सक्छन् ?**

इच्छाएको व्यक्तिको नाममा बैंकमा अनिवार्य सर्वश्रेष्ठ बण्डल सहज बचत खाता हुनुपर्छ । इच्छाएको व्यक्तिको पहिला देखि नै बचत खाता भएको अवस्थामा सो खातालाई शून्य मौज्दातको सर्वश्रेष्ठ बण्डल सहज बचत खातामा अनिवार्य Scheme Transfer गर्नपर्दछ ।

## सर्वश्रेष्ठ अर्न्तगत कुन कुन बचत खाताहरुमा बीमा लाभ उपलब्ध छ ?

| S.N | Product Name | Variant |
|---|---|---|
| १ | सर्वश्रेष्ठ बचत खाता | The NIC ASIA Goodwill Ambassador<br>The Pride of NIC ASIA Bank<br>The Partner of NIC ASIA Bank |
| २ | सर्वश्रेष्ठ नारी बचत खाता | |
| ३ | सर्वश्रेष्ठ जेष्ठ नागरिक बचत खाता | |
| ४ | सर्वश्रेष्ठ तलब बचत खाता | |
| ५ | सर्वश्रेष्ठ स्थानीय बचत खाता | |
| ६ | सर्वश्रेष्ठ रेमिटेन्स् बचत खाता | |
| ७ | सर्वश्रेष्ठ सहज बचत खाता | No variant |
| ८ | सर्वश्रेष्ठ बण्डल सहज बचत खाता | |

## सर्वश्रेष्ठ सहज बचत खातामा कुन बीमा लाभ उपलब्ध छ ?

सर्वश्रेष्ठ सहज बचत खातामा रु १० लाख बराबरको Accidental Insurance को लाभ एक वर्षका लागि उपलब्ध रहेको छ ।

## सर्वश्रेष्ठ बण्डल सहज बचत खातामा कुन कुन बीमा लाभ उपलब्ध छ ?

The NIC ASIA Goodwill Ambassador र The Pride of NIC ASIA Bank का खातावालाहरुले इच्छाएका व्यक्तिहरुको सर्वश्रेष्ठ बण्डल सहज बचत खाता खोलिने छ र सो व्यक्तिले पनि मुख्य खातावाला सरहकै निम्न बमोजिम बीमा लाभ पाउने छन् ।

| Particulars | Features |
|---|---|
| Accidental Insurance | Rs. 10 lakhs |
| Critical Illness | Rs. 10 lakhs |
| Medical Insurance | Rs. 1 Lakh (OPD up to Rs. 20,000 and Hospitalization treatment up to Rs. 80,000) |
| Tenure of Insurance Facility | 5 Years |
| Insurance Coverage for | Account holder only |

## सर्वश्रेष्ठ बचत खातावाहकले यदि बीमा नभएको अरु कुनै खातामा Scheme Transfer गरेको खण्डमा इच्छाएको व्यक्तिको बीमा लाभ के छ ?

सर्वश्रेष्ठ बचत खातावाहकले बीमा नभएको अरु कुनै खातामा Scheme Transfer गरेको खण्डमा इच्छाएको व्यक्तिको बीमा लाभ स्वतः रद्द हुन्छ ।

## बीमा सुबिधाका लागि को योग्य हुन्छ ?

बीमा सुबिधाका लागि सर्वश्रेष्ठ Deposit Product हरु अर्न्तगत Product का Variant अनुसार खाता खोल्ने नेपाली नागरिकहरु मात्र योग्य हुन्छन् ।

## संयुक्त खाताको हकमा बिमा सुबिधा कसले पाउँछ ?

संयुक्त खाताको हकमा बिमा सुबिधा समानुपातिक रुपमा संयुक्त आवेदकहरुले पाउनेछन् । संयुक्त खातावाहकहरुमा प्रति व्यक्ति तोकिएको अधिकतम बीमाको रकममा बराबर रुपमा भाग हिस्सा लाग्ने छ ।

## एक व्यक्ति जसको धैरै जनासँग संयुक्त खाता खोलिएको छ, यस्तो अवस्थामा बिमा सुबिधा के हुनेछ ?

एक व्यक्ति जसको धैरै जनासँग संयुक्त खाता खोलिएको छ सो अवस्थामा बैंकमा भएका खाताहरु मध्यबाट बीमा दावी एक खाता बराबरको मात्र पाउनेछ ।

**उदाहरणको लागी :** यदि श्री A को श्री B र श्री C संग संयुक्त खाता छ । यदि श्री A ले OPD बीमाको लागि दाबी गर्दछ भन्ने उसले बीमा नीति अनुसार समानुपातिक आधारमा OPD बीमा अन्तर्गतको रु. २० हजार बराबरको बीमा दावी प्रति वर्ष प्राप्त गर्नेछ ।

## यस बैंकको बिमा सुबिधा अर्न्तगतको सुरक्षण कुन कुन अवस्थामा उपलव्ध हुने छैन् ?

यस बैंकको बिमा सुबिधा अर्न्तगतको सुरक्षण नपर्ने अवस्था देहाय बमोजिम छन्:

- Pre-existing disease
- Mental Health
- Dental Checkup
- Pregnancy and Maternity
- Skin Treatment Related with Beauty
- Eye Treatment

## कुन कुन बीमा सुविधा कति उमेर समुहका खातावालाले प्राप्त गर्दछन् ?

घातक रोग बीमा : ६० वर्ष सम्म

स्वास्थ्य बीमा : ६५ वर्ष सम्म

दुर्घटना बीमा : उमेर हकवन्दी छैन

## कति वर्ष सम्मको जेष्ठ नागरिकले मात्र Insurance Benefit सुविधा पाउँन सक्छ ?

६० वर्ष सम्म : सबै खाले Insurance सुविधा पाइन्छ

६० वर्ष माथि तर ६५ वर्ष सम्म : Accidental र Medical Insurance सुविधा मात्र पाइन्छ

६५ वर्ष माथि : Accidental Insurance सुविधा मात्र पाइन्छ

# Medical Insurance:

## कहिले देखि Medical Insurance Coverage शुरु हुन्छ ?

ग्राहकले खाता खोले लगत्तै Medical Insurance Coverage सुरु हुन्छ ।

## Medical Insurance दाबी गर्न दाबी कर्ताको उमेरको सिमा Maximum कति हुनुपर्छ ?

६५ वर्ष सम्मका ग्राहकले Medical Insurance दाबी गर्न सक्छन् ।

## कस्तो अवस्थामा ग्राहकले Medical Insurance दाबी गर्न पाउँछन् ?

ग्राहकले Medical Insurance OPD तथा Hospitalization Treatment को अवस्थामा दाबी गर्न पाउँनेछन् । Hospitalization को अवस्थामा, ग्राहक कम्तीमा २४ घण्टा सम्म हस्पिटलमा भर्ना भएर उपचार गराएको हुनुपर्छ । शल्यक्रिया गरेको अवस्थामा, ग्राहक २४ घण्टा हस्पिटलमा भर्ना भएको हुनु पर्ने छैन ।

## Medical Claim का लागि प्रकिया के हो ?

ग्राहकले Medical Insurance Claim सँगै देहायका कागजपत्रहरु बुझाउनु पर्छ ;

- Duly completed filled claim form of respective insurance company.
- Doctor's prescription, original bills, receipts and discharge certificate/card from the Hospital/Medical Practitioner
- Original bills from chemists supported by proper prescription,
- Original investigation test reports and payment receipts,
- Indoor case papers
- Any other document as required by the Company or Health Service Provider to investigate the claim or the Company's obligation to make payment for it.

**के बीमा कम्पनीले Regular Routine Checkup को Bill भुक्तानी गर्छन् ?**
बीमा कम्पनीले regular routine checkup को Bill भुक्तानी गर्दैनन् ।

**बीमा कम्पनीले दुर्घटना बाहेकको दाँतको उपचारको Bill भुक्तान गर्छ ?**
बीमा कम्पनीले दुर्घटना बाहेकको दाँतको उपचारको Bill भुक्तान गर्दैन् ।

**बीमा कम्पनीले Medical Claim कति दिनमा भुक्तान गर्छ ?**
Exceptional अवस्था बाहेक Agreement बमोजिम दाबीको आवश्यक सबै कागजात बुझाएको १५ दिन भित्र दाबी भुक्तान गर्ने छ ।

**के Medical Insurance मा Homeopathic Hospital को उपचार समावेश हुन्छ ?**
हुदैंन, allopathic hospital को उपचार मात्र medical insurance मा समावेश हुन्छ ।

**बीमा कम्पनीले कुन कुन देशमा गरेको उपचार खर्च भुक्तान गर्छ ?**
बीमा कम्पनीले नेपाल र भारतको Allopathic हस्पिटलमा गराएको उपचार खर्च मात्र भुक्तान गर्छ । अन्य देशमा गरेको उपचार खर्च Cover गर्दैन ।

## Accidental Insurance

**कहिले देखि Accidental Death Coverage सुरु हुन्छ ?**
खाता खोले लगत्तै ।

**Accidental Death Insurance Coverage कति वर्ष सम्म उपलब्ध हुन्छ ?**
खाता खोलेको मिति वा Scheme Transfer भएको मिति बाट ५ वर्ष सम्म ।

**Accidental Death/Permanent Disability अर्न्तगत बालबालिका Cover हुन्छन ?**
हुन्छन् । बीमा सुबिधा खातावाला र खातावालाले इच्छाएको जुनसुकै उमेर समुहका व्यक्तिले पाउछन ।

**Accidental Death Insurance दाबी गर्न दाबीकर्ताको उमेरको सिमा कति हुनुपर्छ ?**
उमेरको सीमा छैन ।

**बिमा कम्पनीले कति दिनमा दाबी भुक्तान गर्छ ?**
Exceptional अवस्था बाहेक, Agreement बमोजिम बीमा दाबीको आवश्यक सबै कागजात बुझाएको १५ दिन भित्र बीमा कम्पनीले दाबी भुक्तान गर्ने छ ।

**दुर्घटना बीमा अन्तर्गत दुर्घटनाबाट भएको औषधिउपचार खर्च दावी गर्न पाइन्छ कि पाइदैन ?**
दुर्घटना बीमा अन्तर्गत दुर्घटनाबाट भएको औषधिउपचार खर्च दावी गर्न पाइदैन तर जुन खातामा औषधिउपचार बीमा समावेश रहेको छ सो खाताका खातावालाले दुर्घटनाबाट भएको औषधिउपचार खर्च दावी गर्न पाउनुहुन्छ र सोको बीमा रकम सिमा औषधिउपचार बीमाको हद सम्म मात्र हुन्छ । उक्त बीमा औषधिउपचार बीमाबाट नै गणना गरिन्छ ।

**Accident Insurance सुबिधा अर्न्तगत कुन कुन जोखिम समावेश हुन्छ ?**
Personal Accidental Death Insurance **अर्न्तगत देहायका जोखिम समावेश हुन्छन्** :

- Death
- Permanent Total Disablement

**ग्राहकले Accidental Death Insurance दाबी कसरी गर्न सक्छन् ?**
तल उल्लेखित case to case basis मा आवश्यक कागजपत्र सहित कानुनी हकवालाले लिखित निवेदन सहित शाखामा जानकारी गराउने :

**a) In case of Accidental Death (Spot Death)**

- Police Report (Sarjiwani Muchulka)
- Death Certificate
- Relationship Certificate
- Postmortem Report
- Citizenship Certificate copy of Accountholder and Legal Heir
- Recommendation for payment from CDO to legal heir
- Completely filled claim form
- Additional documents if any asked by Insurance company.

**b) In case of accidental death (after hospitalization) additional document required is as below apart from documents mentioned in (a):**

- Discharge summary

**c) In case of permanent total disablement:**

- Letter from bank notifying the medical claim with account number, accountholder's name and account balance.
- Prescription/ Verification from hospital of permanent disablement
- Original Medical Bills
- Lab reports
- Discharge paper
- Photographs of customer verifying the permanent disablement (if available)

## Critical Illness Coverage

**कहिले बाट Critical Illness Coverage सुरु हुन्छ ?**
खाता खोलेको वा Scheme Transfer गरेको ३० दिन पछि Critical Illness को बीमा Coverage सुरु हुन्छ।

**के Critical Illness अर्न्तगत बालबालिका समावेश हुन्छन् ?**
हुन्छ। खातावाला र खातावालाले इच्छाएका सम्पुर्ण व्यक्तिहरु (उमेर ६० वर्ष ननाघेका) समावेश हुन्छन्।

**Critical Illness Insurance दाबी गर्न दाबीकर्ताको उमेरको सिमा कति हुनुपर्छ ?**
Critical illness insurance दाबीकर्ताको उमेर ६० वर्ष सम्म हुनुपर्छ।

**ग्राहकले Critical Illness Insurance Coverage दाबी कसरी गर्न सक्छन् ?**
ग्राहकले अरु कागजपत्र र दाबी Form सहित Critical illness diagnosis report बुझाउनु पर्छ।

**के वास्तविक Medical Bills आवश्यक पर्छ ?**
पर्दैन। Diagnosis Report र Critical Illness को हकमा Medical Treatment को कागजपत्र मात्र आवश्यक पर्छ। ग्राहकले वास्तविक प्रतिपूर्ति अनुसार नभइ ग्राहकको category अनुसार ग्राहकले पुरा insured रकम पाउँछन्। त्यसैले यस अन्तर्गत claim गर्दा वास्तविक खर्चको आधारमा नभई रोग लागेको आधारमा रु ४० लाख, २० लाख र १० लाख गरी क्रमश: गुडविल एम्बेसडर (Goodwill Ambassador), प्राइड (Pride) र पार्टनर (Partner) श्रेणीका सर्वश्रेष्ठ खातामा भुक्तानी पाउने छन्।

**बीमा कम्पनीले कति दिनमा दाबी भुक्तान गर्छ ?**
Exceptional अवस्था बाहेक, Agreement बमोजिम दाबीको आवश्यक सबै कागजात बुझाएको १५ दिन भित्र दाबी भुक्तान गर्ने छन्।

**घातक रोग मा कति वटा रोगहरु पर्छन् ?**
घातक रोग मा १८ वटा रोगहरु पर्छन्।

**Critical Illness Insurance अन्तर्गत कुन कुन रोगहरु पर्छन् ?**

Critical Illness Insurance अन्तर्गत तल उल्लेखित रोगहरु पर्छन् :

1. अर्बुद रोग (Cancer)
2. अन्तिम अवस्थाको किड्नी निस्क्रियता (नियमित डायलाइसिस गरिरहनु पर्ने) (End Stage Renal Failure requiring regular Dialysis)
3. शरीरको स्नायु तन्त्रमा हुने खराबी वा मल्टिपल स्क्लेरोसिस (Multiple sclerosis)
4. दिमागको ट्युमर (Benign Brain Tumour)
5. नशा सम्बन्धी रोग पार्किन्सन (Parkinson's Disease)
6. अन्तिम अवस्थाको लिभरको रोग (End Stage Liver Disease)
7. नशाको कार्यक्षमता ह्रास हुदै जाने रोग अल्जाईमर्स (Alzheimer's Disease)
8. शरीरको अत्यावश्यक मुख्य अंग वा बोन म्यारोको प्रत्यारोपण (Major Organ/Bone marrow Transplant)
9. मुटुको भल्व प्रतिस्थापन वा मर्मत गर्ने कार्य (Heart Valve Replacement or Repair)
10. मुटुको रक्तनलीको बाइपास शल्यक्रिया (Coronary Artery Bypass Graft)
11. शरीरको मुख्य धमनी (मुटु देखि पेट सम्म) को शल्यक्रिया (Surgery of Aorta)
12. स्थायी रुपमा रहने स्ट्रोक (मस्तिष्कको रक्त संचार प्रणालीमा आउने समस्या) वा मस्तिष्क घात (Stroke resulting in Permanent Symptom)
13. शरीरको अवयवहरुको स्थायी पक्षाघात (प्यारालाइसिस) (Permanent Paralysis of Limbs)
14. पहिलो पटक भयेको हर्ट एट्याक (हृदयघात) वा मुटुको रक्त संचार प्रणालीमा आउने समस्या (Myocardial Infarction or Heart Attack)
15. अचेत भएर रहने अवस्था 'कोमा' (Coma of specified severity)
16. शरीरको ५०% भन्दा बढी भाग जलेको अवस्था (Major burns (at least 50% of body surface area)
17. पूर्ण तथा निको नहुने गरी भएको दुबै कान नसुन्ने अवस्था (Total and irreversible loss of hearing in both ears)
18. पूर्ण तथा निको नहुने गरी भएको बोल्न नसक्ने अवस्था (Total and irreversible loss of speech)

**मुद्दती खाताको हकमा Critical Insurance मुद्दती खाता नविकरण गर्दा पनि प्रतिक्षा अवधि लागु हुन्छ ?**

यदि खातावालाको पहिले देखि नै यस योजना अर्न्तगत मुद्दती खाता रहेको र सो मुद्दती खाता परिपक्व भएको अवधिबाट ३ महिना भित्र नविकरण गरेको अवस्थामा Critical Insurance बीमा सुरक्षण को लागी प्रतिक्षा अवधि लागु हुने छैन ।

## C. FAQs on Wealth Maximization

**ग्राहकले DEMAT खाता कसरी खोल्न सक्छन् ?**
बचत खाता खोले पश्चात बैंकको नजिकको शाखा अथवा एन आई सी एशिया क्यापिटलमा गएर DEMAT खाता खोल्ने form भरेर DEMAT खाता खोल्न सकिन्छ। साथै Online माध्यमबाट पनि Demat खाता खोल्न सकिन्छ।

**कति वर्ष सम्म सर्वश्रेष्ठ बचत खाताहरुमा DEMAT खाता र Mero Share सुविधा निःशुल्क उपलब्ध छ ?**
५ वर्षका लागी निःशुल्क छ।

**सर्वश्रेष्ठ बाबु नानी बचत खाता र सर्वश्रेष्ठ बिद्यार्थी बचत खाता मा DEMAT खाता र Mero Share सुविधा कति वर्ष निःशुल्क उपलब्ध छ ?**
१ वर्षका लागि मात्र निःशुल्क गरिएको छ।

**Portfolio Management Services भनेको के हो ?**
Portfolio Management Services भनेको सर्वश्रेष्ठ बचत तथा मुद्दती खाताका निक्षेपकर्ताहरुले यस बैंकको सहकार्यमा एन आई सि एशिया क्यापिटलको सहयोगमा उपभोग गर्न सक्ने सेवा हो। जसमा निक्षेपकर्तासँग भएको वित्तलाई व्यवस्थापन गरि विभिन्न क्षेत्रमा (शेयर बजार, म्युचल फण्ड) लगानी गरि उच्च प्रतिफल प्रदान गर्ने योजना बनाई सहयोग गर्दछ।

**सर्वश्रेष्ठ बचत खातामा Portfolio Management Service Fee कति कति वर्षका लागि कति प्रतिशत छुट उपलब्ध छ ?**
Portfolio Management Service Fee मा ५० प्रतिशत छुट ५ वर्षका लागी उपलब्ध छ।

**स्विप इन-स्विप आउट (Flexi Fixed) भनेको के हो ?**
Sweep in/sweep out भनेको बचत खातामा मुद्दती निक्षेप बराबरको ब्याज प्रदान गर्ने यस्तो विशेषता हो। जसमा ग्राहकको बैंक खातामा दुवै मुद्दती निक्षेप र बचत खाताको फाइदाहरुले खातालाई flexible बनाएको हुन्छ। अर्को शब्दमा, it is both Savings cum Fixed deposits account combined.
यो सुबिधासंग, ग्राहकले रु २००,००० भन्दा माथिको निक्षेपमा उच्च ब्याजदर (प्रकाशित ब्याजदर) प्राप्त गर्न सक्छन्।

**सर्वश्रेष्ठ बचत खाता मा Sweep In Sweep Out का के के विशेषताहरु छन् ?**

| Particulars | Ambassador | Pride | Partner |
|---|---|---|---|
| **Minimum Balance (In Rs.)** | **1,00,000** | **50,000** | **25,000** |
| Sweep in and Sweep Out Facility (Available above corresponding deposit amount in multiple of Rs. 10,000) | 200,000 | Not Available | Not Available |
| Interest Rate on FFD per annum | As per published interest rate | Not Applicable | Not Applicable |
| Pre-maturity Charge | Difference Between Fixed and Saving interest rate | Not Applicable | Not Applicable |

**सर्वश्रेष्ठ बचत खाताहरु अन्तर्गत Flexi Fixed सुविधा उपलब्ध छ कि छैन ?**
सर्वश्रेष्ठ बचत खाताहरु अन्तर्गत Ambassador श्रेणीको सर्वश्रेष्ठ बचत खाता, सर्वश्रेष्ठ नारी बचत खाता र सर्वश्रेष्ठ जेष्ठ नागरिक बचत र सर्वश्रेष्ठ तलव बचत खातामा मात्र Flexi Fixed सुविधा उपलब्ध छ।

**स्विप इन-स्विप आउट सुविधा अन्तर्गत Prematurity Charge कति लाग्छ ?**
स्विप इन-स्विप आउट सुविधा अन्तर्गतको Prematurity Charge बचत खाता र मुद्दती खातामा प्रदान गरेको व्याज दर को अन्तर हुन्छ ।

**यदि Maturity अगावै ग्राहकले flexi fixed deposit बाट रकम निकाल्न परेमा के हुन्छ ?**
यदि Maturity अगावै ग्राहकले flexi fixed deposit बाट रकम निकाल्न परेमा ग्राहकसँग ३% pre-maturity शुल्क लगाइन्छ (FFD र बचत व्याजदरको भिन्नता) । तथापि, ग्राहकले pre-maturity को समयमा FFD मा ७.०५% (१०.०५% - ३%) व्याजदर रकम प्राप्त गर्ने छन् ।

**स्विप इन-स्विप आउट सुविधा भएको बचत खातामा Balance Certificate निकाल्दा Balance कुन देखिन्छ ?**
Balance Certificate मा FFD र बचत खाता दुवैको Balance देखिन्छ ।

**चेक जारी गर्दा बचतमा भएको रकम नपुग भएमा कुन flexi fixed deposit Pre matured हुन्छ ?**
मुद्दती निक्षेप Pre-mature गर्दा System **ले** Last in First Out method प्रयोग गर्छ i.e अन्तिम दिनमा खोलेको मुद्दती निक्षेपलाई deficit settle गर्दा पहिले प्रयोग गरिन्छ ।

**सर्वश्रेष्ठ बचत खाता अन्तर्गतका कुन कुन बचत खाताहरुमा Portfolio Management Service र Flexi Fixed सेवा उपलब्ध छैन ?**
सर्वश्रेष्ठ सहज बचत खाता, सर्वश्रेष्ठ बाबु नानी बचत खाता र सर्वश्रेष्ठ बिद्यार्थी बचतमा Portfolio Management Service र Flexi Fixed सेवा उपलब्ध दुवै उपलब्ध छैन साथै Pride र Partner श्रेणीका खाताहरु पनि Flexi Fixed सेवा उपलब्ध छैन ।

## D. Digital and Transaction Banking

**५ वर्षसम्मका लागि गुडविल एम्बेसडर (Goodwill Ambassador), प्राइड (Pride) र पार्टनर (Partner) गरी तीन श्रेणीका सर्वश्रेष्ठ बचत खाताहरुमा कुन कुन डिजिटल सेवाहरु निःशुल्क उपलब्ध छ ?**

निम्न उल्लेखित डिजिटल सेवाहरु ५ वर्षका लागि निःशुल्क उपलब्ध छ

- Debit Card
- Mobile Banking
- Internet Banking
- Credit Card Issuance Fee
- Credit Card Annual Fee
- Prepaid Dollar Card
- E-Commerce Activation
- Free Cheque Processing
- Free RTGS
- Free IPS/CIPS
- Locker Rentals
- Locker Margin 100% free
- ATM Cash Withdrawal from any domestic banks ATMs
- ATM Balance Inquiry from any domestic banks ATMs

**ग्राहकले Debit Card/MoBank & iBanking मा लाग्ने शुल्कमा छुट कसरी लिन सक्छन् ?**

ग्राहकको खाता खुलिसके पछि स्वतः शुल्कमा छुट उपलब्ध हुन्छ। ग्राहकले सोको लागि छुट्टै Form भर्नु पर्दैन्।

**NIC ASIA MoBank तथा iTouch को Password बिर्सियो भने के हुन्छ ?**

NIC ASIA MoBank तथा iTouch को password बिर्सियो भने आफैले mobile banking app/ i-serve/ I touch बाट password reset गर्न सकिन्छ वा पुरा विवरण सहितको निवेदन feedback@nicasiabank.com मा पठाउने वा आफूलाई अनुकुल पर्ने NIC ASIA Bank को कुनै पनि शाखामा सम्पर्क गरी password reset गर्न सकिन्छ।

**NIC ASIA Mobile Banking कसरी Activate गर्न सकिन्छ ?**

खातावालाले आफैंले Self-Registration गरेर वा नजिकै को शाखामा सर्म्पक गरेर activate गर्न सकिन्छ।

**The NIC ASIA Goodwill Ambassador, The Pride of NIC ASIA Bank र The Partner of NIC AISA Bank category मा Credit Card Limit कति छन् ?**

Credit Card Limit ३ वटै Variant मा रु. ५,००,००० सम्मको limit उपलब्ध छ।

**Credit Card joining and issuance शुल्क कति लाग्छ ?**

सर्वश्रेष्ठको बचत खाताहरुको ३ वटै Variant मा क्रेडिट कार्डको **joining and issuance** शुल्क लाग्दैन।

**Cheque Processing, RTGS, IPS/CIPS सर्वश्रेष्ठको बचत खाताहरुको ३ वटै Variant मा कति लाग्छ ?**

Unlimited Transaction निःशुल्क ५ वर्षका लागि।

**Locker सुविधा कसले लिन सक्छन् ?**

एन आई सी एसियाका खातावालाहरुले मात्र Locker सुविधा लिन सक्छन्। ग्राहकले यो सुविधा लिन नजिकको शाखामा सर्म्पक राख्नु पर्छ र उपलब्ध बमोजिम ग्राहकले उपभोग गर्न सक्छ।

**के locker सुबिधा NICA का सबै शाखामा उपलब्ध छन् ?**
छैन् । Locker सुविधा selected शाखाहरुमा मात्र उपलब्ध छन् । Locker सुविधा locker खाली भएको अवस्थामा उपलब्ध हुनेछ ।

**Locker सुविधाका लागि कति शुल्क लाग्छ ?**
Locker को आकार अनुसार शुल्क रु.२,८३५ देखि रु.१३,१८५ सम्म लाग्छ । Locker सुविधाका लागि थप रु.१०,००० देखि रु.२०,००० सम्म धरौटीको रुपमा जम्मा गर्नु गर्छ तर सर्वश्रेष्ठ बचत तथा मुद्दती खातावालाहरुले यो सुविधा निःशुल्क ५ वर्षको लागी उपभोग गर्न पाउँछन ।

| S.N | Locker Size | Annual Rent/ Margin money |
|---|---|---|
| 1 | H125 W175 D492 | NPR 2,835 / NPR 10,000 |
| 2 | H159 W210 D492 | NPR 3,735/ NPR 10,000 |
| 3 | H159 W215 D502 | NPR 3,735/ NPR 10,000 |
| 4 | H189 W263 D492 | NPR 4,935/ NPR 10,000 |
| 5 | H159 W423 D492 | NPR 5,985/ NPR 15,000 |
| 6 | H321 W210 D492 | NPR 5,985/ NPR 15,000 |
| 7 | H159 W434 D502 | NPR 5,985/ NPR 15,000 |
| 8 | H322 W215 D502 | NPR 5,985/ NPR 15,000 |
| 9 | H189 W529 D492 | NPR 7,785/ NPR 15,000 |
| 10 | H321 W423 D492 | NPR 9,585/ NPR 20,000 |
| 11 | H322 W434 D502 | NPR 9,585/ NPR 20,000 |
| 12 | H404 W529 D492 | NPR 13,185/ NPR 20,000 |

**Locker surrender गर्दा कुनै शुल्क तिर्नु पर्छ ?**
Locker surrender गर्दा कुनै शुल्क लाग्दैन् ।

**के ATM बाट पैसा निकाल्दा अथवा Balance Inquiry गर्दा नेपालका सबै ATM बाट नि : शुल्क छ ?**
नेपालको कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको ATM बाट पैसा निकाल्दा तथा मौज्दात जाँच गर्दा कुनै पनि शुल्क लाग्दैन ।

**विदेशी मुद्राको सटही सुविधामा तीन श्रेणीका सर्वश्रेष्ठ बचत खातावालाहरुले कति पैसा छुट/प्रिमियम को लाभ पाउँछन ?**
USD, GBP, EUR, CAD and AUD को सटहीमा २५ पैसा सम्मको छुट/प्रिमियमको लाभ पाउँछन ।

## E. FAQs on Loan Related Benefits

**सर्वश्रेष्ठ बचत खाताहरुमा Loan का सुविधा के कस्ता छन् ?**

Loan Benefit निम्न बमोजिम उपलब्ध छ :-

| Particulars | The NIC ASIA Goodwill Ambassador | The Pride of NIC ASIA Bank | The Partner of NIC ASIA Bank |
|---|---|---|---|
| Pre-approved Loan Limit (Times of 3 Months Average balance) | 10 | 10 | 10 |
| Premium Over Base Rate on above loan limit (%) | 1 | 1 | 1 |
| Loan Processing Fee (%) | 0.25 | 0.25 | 0.25 |

**सर्वश्रेष्ठ बचत अन्तर्गतका कुन कुन खाताहरुमा Pre-approved Loan सुविधा उपलब्ध छैन?**

सर्वश्रेष्ठ बचत खाताहरु अन्तर्गतका निम्न खाताहरुमा Pre-approved Loan सुविधा उपलब्ध छैन

- सर्वश्रेष्ठ बाबु नानी बचत खाता
- सर्वश्रेष्ठ विद्यार्थी बचत खाता
- सर्वश्रेष्ठ सहज बचत खाता
- सर्वश्रेष्ठ बण्डल सहज बचत खाता

**Loan Against Pension Income सुविधा कुन scheme मा उपलब्ध छ ?**

यो सुविधा सर्वश्रेष्ठ जेष्ठ नागरिक बचत खाताका सबै प्रकारका खाताहरुमा उपलब्ध छ ।

**Pre-Approved Loan उपभोग गर्न खाता खोलेको कम्तीमा कति समय पश्चात: उपभोग गर्न सकिन्छ ?**

कम्तीमा ३ महिना पछि औसत मौज्दातको आधारमा Pre-Approved Loan उपभोग गर्न सकिन्छ ।

**ग्राहकले Pre-Approved loan limit भन्दा बढीको लागि आवेदन दिन सक्नुहुन्छ ?**

सक्नुहुन्छ ।

**बढी loan लिन चाहेमा Interest Rate तथा शुल्क कसरी लाग्छ ?**

Pre-approved Loan सीमा सम्म सहुलियत दरमा तथा सो भन्दा माथिको हकमा Normal Loan सरह शुल्क लाग्छ ।

**कति प्रतिशत छुट सबै variants का loan processing शुल्कमा उपलब्ध छन् ?**

Loan processing शुल्क सबै variants मा ०.२५ प्रतिशत रहेको छ ।

**तलव बचत खाताका खातावालाले** Personal Loan सुविधा पाउँनु हुन्छ कि हुदैन ?

पाउनुहुन्छ र त्यस कर्जा सँगको प्रावधान बैंकको Integrated PPG on Retail Loans को Prime segment मा उल्लेख गरिएको छ ।

# F. FAQs on Privilege Banking

**What is Guaranteed Service?**
The guaranteed service refers to the service provided by the bank within the standard time frame. The guaranteed Turnaround Time of various services in branches are as follow:

**Teller Service:**

| Services | TAT (Minutes) | |
|---|---|---|
| | Normal Hour | Peak Hour |
| **Cash Deposit/ Withdrawal** | **30** | **60** |
| Waiting Time | 25 | 55 |
| Service Time | 5 | 5 |
| **Cheque Deposit** | **30** | **60** |
| Waiting Time | 25 | 55 |
| Service Time | 5 | 5 |

**Peak Hour: 11 to 2 PM**

**Normal Hour: Branch Operation Time (Other than peak hour)**

**Customer Service:**

| Service domain | Services | TAT (in Min) | | |
|---|---|---|---|---|
| | | Branch | Central Department | Customer TAT |
| **Mobile Banking** | New Registration - Other **Mobile Banking** than account opening | 15 | 15 | 60 |
| | PIN Reset | 10 | 5 | 30 |
| | Block | 5 | - | 10 |
| | UnBlock Request | 10 | 10 | 30 |
| **iTouch (E-Banking)** | Registration | 15 | 15 | 60 |
| | Block Request | 5 | - | 10 |
| | UnBlock Request | 10 | 10 | 30 |

| Service domain | Services | TAT (in Min) | | |
|---|---|---|---|---|
| | | Branch | Compliance | External |
| **Card Related Services** | Instant Card Activation Request | 10 | 120 | 180 |
| | Name Printed card: Instant Valley | 10 | 120 | Next Day |
| | Name Printed card: Outside Valley | 10 | 120 | 2 Working Days |
| | Name Printed card: Remote Area | 10 | 120 | 4 Working Days |
| | Card Replacement: Instant Card | 10 | 120 | 180 |
| | Card Block | 5 | 10 (NEPS block) | 16 |
| | Card Unblock | 15 | 10 | 60 |
| | PIN reset | 15 | 10 | 30 |

| Service domain | Services | TAT (in Min) | | | |
|---|---|---|---|---|---|
| | | Branch | Compliance | Central Dept | External |
| Account opening | **Online account Opening** | **-** | **-** | **-** | **30** |
| | Branch (KYC Update) | 15 | - | - | 30 |
| | **Manual account Opening** | | | | |
| | Low Risk | 60 | 5 | 5 | **180** |
| | Medium/ High/ Triggered | 90 | 30 | 10 | **240** |
| | **FD Premature Request/ Recurring Deposit** | 60 | - | - | **180** |
| | **Account close Request** | 60 | - | 5 | **180** |
| | **KYC Update of Existing Account / Dormant Activation / Unfreeze Request** | **30** | **-** | **-** | **60** |

| Service domain | Services | TAT (in Min) | | |
|---|---|---|---|---|
| | | Branch | Central Dept | External |
| **Other Customer Service** | Meroshare Application | 30 | Same Day | 1 Working Day |
| | CRN Application | 30 | - | 60 |
| | IPO/FPO Application | 30 | - | 60 |
| | DEMAT Application | 30 | - | 60 |
| | Good for payment Issuance | 30 | - | 60 |
| | Application for FCY Currency | 30 | - | 60 |
| | Remittance Agency | 30 | - | 60 |

**What are the Privilege Service under all the variants?**
The Privilege services provided under all the three variants are as follows:

| Particulars | The NIC ASIA Goodwill Ambassador | The Pride of NIC ASIA Bank | The Partner of NIC ASIA Bank |
|---|---|---|---|
| Guaranteed Service Delivery (In Mins) | 50% of standard | 50% of standard | 50% of standard |
| Compensation for waiting time beyond TAT(In Rs. per Instance) | 10 | 10 | 10 |
| Dedicated Relationship Management | Available | Available | Available |

**के Home Banking सुविधा सर्वश्रेष्ठ जेष्ठ नागरिक बचत खातामा उपलब्ध छ ?**
Home Banking सुविधा सर्वश्रेष्ठ जेष्ठ नागरिक बचत खातामा उपलब्ध छ । जुन यस प्रकार छन् :

| Particulars | The NIC ASIA Goodwill Ambassador | The Pride of NIC ASIA Bank | The Partner of NIC ASIA Bank |
|---|---|---|---|
| Home Banking | Withdrawal/Deposit maximum 5 times per month for account holders maintaining closing balance of Rs. 1 million and above on previous working day. | Withdrawal/Deposit maximum 5 times per month for account holders maintaining closing balance of Rs. 1 million and above on previous working day. | Withdrawal/Deposit maximum 5 times per month for account holders maintaining closing balance of Rs. 1 million and above on previous working day. |

# G. General FAQs on Sarbashrestha Sthaniya Bachat Khata

## सर्वश्रेष्ठ स्थानीय बचत खाता कस्तो प्रकारको खाता हो ?

स्थानिय तह जसको यस एन आई सी एशिया बैंकमा “ग” खाता खोलिएको छ, सो स्थानिय तहका स्थानिय जनताहरुलाई लक्षित गरी ल्याइएको विशेष प्रकारको बचत खाता हो ।

## हाल सम्म बैंकमा कति वटा स्थानिय तहको “ग” खाता छन् ?

हाल सम्म बैंकमा ८५ वटा निम्न स्थानिय तहको “ग” खाता छनः

| जिल्ला | स्थानिय तहको नाम |
|---|---|
| सुनसरी | रामधुनी नगरपालिका,सुनसरी |
| मोरङ | कानेपोखरी गाउँपालिका,मोरङ |
| झापा | विर्तामोड नगरपालिका,झापा |
| झापा | बुद्धशान्ति गाउँपालिका,झापा |
| झापा | गौरादह नगरपालिका,झापा |
| सुनसरी | बर्जु गाउँपालिका,सुनसरी |
| झापा | झापा गाउँपालिका,झापा |
| सुनसरी | देवानगञ्ज गाउँपालिका,सुनसरी |
| मोरङ | बुढीगंगा गाउँपालिका,मोरङ |
| झापा | अर्जुनधारा नगरपालिका,झापा |
| मोरङ | ग्रामथान गाउँपालिका,मोरङ |
| झापा | गौरिगंज गाउँपालिका,झापा |
| मोरङ | केराबारी गाउँपालिका,मोरङ |
| झापा | कचनकवल गाउँपालिका,झापा |
| धनकुटा | पाख्रिवास नगरपालिका,धनकुटा |
| सुनसरी | दुहवी नगरपालिका,सुनसरी |
| भोजपुर | रामप्रसादराई गाउँपालिका,भोजपुर |
| सप्तरी | महादेवा गाउँपालिका,सप्तरी |
| धनुषा | कमला नगरपालिका,धनुषा |
| सप्तरी | तिरहुत गाउँपालिका,सप्तरी |
| धनुषा | धनुषाधाम नगरपालिका,धनुषा |
| सर्लाही | बागमती नगरपालिका,सर्लाही |
| महोत्तरी | साम्सी गाउँपालिका,महोत्तरी |
| रौतहट | गुजरा नगरपालिका,रौतहट |
| महोत्तरी | लोहरपट्टी नगरपालिका,महोत्तरी |
| सर्लाही | चक्रघट्टा गाउँपालिका,सर्लाही |
| सर्लाही | हरिपुर नगरपालिका,सर्लाही |
| धनुषा | विदेह नगरपालिका,धनुषा |
| रौतहट | गरुडा नगरपालिका,रौतहट |
| सर्लाही | हरिपुर्वा नगरपालिका,सर्लाही |
| सर्लाही | कविलासी नगरपालिका,सर्लाही |
| सिराहा | मिर्चैया नगरपालिका,सिराहा |
| सर्लाही | बलरा नगरपालिका,सर्लाही |

| जिल्ला | स्थानिय तहको नाम |
| --- | --- |
| सिराहा | भगवानपुर गाउँपालिका,सिराहा |
| पर्सा | जगरनाथपुर गाउँपालिका,पर्सा |
| पर्सा | छिपहरमाई गाउँपालिका,पर्सा |
| पर्सा | जिराभवानी गाउँपालिका,पर्सा |
| पर्सा | धोबीनी गाउँपालिका,पर्सा |
| धनुषा | सबैला नगरपालिका |
| रौतहट | कटहरिया नगरपालिका |
| रौतहट | बौधिमाई नगरपालिका |
| सिरहा | नरहा गाउँपालिका |
| भक्तपुर | सूर्यविनायक नगरपालिका,भक्तपुर |
| काठमाडौँ | चन्द्रागिरी नगरपालिका,काठमाडौँ |
| ललितपुर | गोदावरी नगरपालिका,ललितपुर |
| काठमाडौँ | तारकेश्वर नगरपालिका,काठमाडौँ |
| काठमाडौँ | काठमाडौँ महानगरपालिका,काठमाडौँ |
| काठमाडौँ | कागेश्वरी मनोहरा नगरपालिका,काठमाडौँ |
| ललितपुर | महालक्ष्मी नगरपालिका,ललितपुर |
| चितवन | राप्ती नगरपालिका,चितवन |
| सिन्धुपाल्चोक | बलेफी गाउँपालिका,सिन्धुपाल्चोक |
| मकवानपुर | भीमफेदी गाउँपालिका,मकवानपुर |
| काठमाडौँ | टोखा नगरपालिका,काठमाडौँ |
| नवलपुर | देवचुली नगरपालिका,नवलपुर |
| तनहुँ | भिमाद नगरपालिका,तनहुँ |
| स्यांजा | आँधिखोला गाउँपालिका,स्यांजा |
| तनहुँ | शुक्लागण्डकी नगरपालिका,तनहुँ |
| तनहुँ | बन्दिपुर गाउँपालिका,तनहुँ |
| कास्की | अन्नपूर्ण गाउँपालिका,कास्की |
| रुपन्देही | गैडहवा गाउँपालिका,रुपन्देही |
| रुपन्देही | सियारी गाउँपालिका,रुपन्देही |
| बाँके | जानकी गाउँपालिका,बाँके |
| नवलपरासी | सुनवल नगरपालिका,नवलपरासी |
| कपिलवस्तु | महाराजगंज नगरपालिका,कपिलवस्तु |
| बर्दिया | बाँसगढी नगरपालिका,बर्दिया |
| रुपन्देही | देवदह नगरपालिका,रुपन्देही |
| नवलपरासी | बर्दघाट नगरपालिका,नवलपरासी |
| पाल्पा | रिब्दिकोट गाउँपालिका,पाल्पा |
| बाँके | खजुरा गाउँपालिका,बाँके |
| दाङ | गढवा गाउँपालिका,दाङ |
| बाँके | बैजनाथ गाउँपालिका,बाँके |
| बर्दिया | ठाकुरबाबा नगरपालिका,बर्दिया |

| जिल्ला | स्थानिय तहको नाम |
|---|---|
| रुपन्देही | रोहिणी गाउँपालिका,रुपन्देही |
| बाँके | डुडुवा गाउँपालिका,बाँके |
| रुपन्देही | कन्चन गाउँपालिका,रुपन्देही |
| बर्दिया | बारबर्दिया नगरपालिका,बर्दिया |
| रुपन्देही | तिलोत्तमा नगरपालिका,रुपन्देही |
| दाङ | राजपुर गाउँपालिका,दाङ |
| जाजरकोट | नलगाड नगरपालिका,जाजरकोट |
| कैलाली | बर्दगोरिया गाउँपालिका,कैलाली |
| कैलाली | गौरीगंगा नगरपालिका,कैलाली |
| कैलाली | जोशीपुर गाउँपालिका,कैलाली |
| कञ्चनपुर | बेदकोट नगरपालिका,कञ्चनपुर |
| कैलाली | कैलारी गाउँपालिका,कैलाली |
| कैलाली | गोदावरी नगरपालिका,कैलाली |

**स्थानीय जनताले यस बचत योजनामा कसरी खाता खोल्न सक्नुहुन्छ ?**

खाता खोल्ने व्याक्ति स्थानिय नागरिक हो भन्ने प्रमाण खुल्ने तल उल्लेखित कागजातहरु मध्ये कुनै एक कागजात बैंकमा पेश गरि यस बचत खाता खोल्न सकिन्छ ।

१. नागरिकता प्रमाणपत्र

२. Voter परिचय पत्र

३. बसाईसराई प्रमाणपत्र

४. विवाह दर्ता (विवाहित महिलाको हकमा)

**सर्वश्रेष्ठ स्थानीय बचत तथा मुद्दती खाता जुनसुकै शाखाबाट खोल्न सकिन्छ कि सकिदैन ?**

यस बैंकको कुनै पनि शाखाबाट सर्वश्रेष्ठ स्थानिय बचत तथा मुद्दती खाता खोल्न सकिन्छ । ग्राहक महानुभावहरुले सो खाता खोल्नको लागी बैंकलाई प्रदान गर्नुपर्ने प्रमाण पत्र भने उपलब्ध गराउनु पर्नेछ । तर शाखाबाट खाता Process गर्दा सम्बन्धित स्थानियको scheme code छनौट गर्नु पर्दछ ।

**के ग्राहकहरुले जग्गाको लालपुर्जाको आधारमा स्थानिय बचत तथा मुद्दती खाता खोल्न सक्नुहुन्छ ?**

लालपुर्जाको आधारमा यस योजनामा खाता खोल्न पाईदैन ।

**सर्वश्रेष्ठ स्थानीय बचत तथा मुद्दती खाता र सर्वश्रेष्ठ बचत तथा मुद्दतीका अरु scheme हरुमा के भिन्नता छ ?**

स्थानिय बचत तथा मुद्दती खाताको न्यूनतम मौज्दात सर्वश्रेष्ठ बचत तथा मुद्दतीको अरु scheme हरुको भन्दा १० गुणाले कम छ। यस खातामा न्यूनतम मौज्दात र Flexi Fixed Deposit सुविधा बाहेक अरु सबै सुविधाहरु सर्वश्रेष्ठ बचत तथा मुद्दतीको अरु scheme सरह नै छ ।

# General FAQs on Sarbashrestha Remittance Bachat Khata

**सर्वश्रेष्ठ रेमिट्यान्स बचत खाता कस्तो प्रकारको खाता हो ?**

सर्वश्रेष्ठ रेमिट्यान्स बचत खाता नेपाली नागरिक जसको नाममा बैंकिङ्ग च्यानलबाट विदेशबाट पठाएको पैसा वा रेमिट्यान्स जम्मा गर्नको लागी बनाएको एक विशेष प्रकारको खाता हो । यस बचत खातामा अरु बचत खातामा प्रदान गरिएको ब्याजदर भन्दा १ प्रतिशत बढी ब्याज प्रदान गरिन्छ ।

**सर्वश्रेष्ठ रेमिट्यान्स बचत खाता कस्ता व्यक्तिले खोल्न पाउनुहुन्छ ?**

नेपाली नागरिक जो वैदेशिक रोजगारको लागी विदेश जादै हुनुहुन्छ वा हाल विदेशमा हुनुहुन्छ वा विदेशमा काम गरि रहनुभएका नेपाली नागरिकका एकाघर परिवारको कुनै पनि सदस्य जसको नाममा रेमिट्यान्स आएको हुन्छ सो व्यक्तिहरुको नाममा मात्र सर्वश्रेष्ठ रेमिट्यान्स बचत खाता खोल्न पाउनुहुन्छ ।

**सर्वश्रेष्ठ रेमिट्यान्स बचत खाता खोल्न नागरिकता बाहेक अरु केहि कागजात आवश्यक पर्दछ ?**

खाता खोल्ने व्यक्तिले तल उल्लेख गरिएको कुनै एक कागजातको आवश्यकता पर्दछ :

१. रेमिट्यान्स प्राप्त भएको Original Receipt
२. विदेशबाट आएको रेमिट्यान्स खातामा जम्मा भएको statement को प्रमाण
३. विदेशमा रहनु भएकोहरुको हकमा Salary Certificate/ slip वा वैदेशिक रोजगारीको Offer Letter
४. अरु कुनै documents जसले रेमिट्यान्स बैंकिङ्ग च्यानलबाट आएको प्रमाणित गदर्छ
५. माथी उल्लेखित कुनै एक कागजात बाहेक आय स्रोतको declaration form मा अनिवार्य sign गर्नु पर्दछ ।

**विदेश जाने योजनामा भएका व्यक्तिले यस खातामा आवद्ध हुन कुन कागजात पेश गर्नुपर्छ ?**

विदेश जाने योजनामा भएका व्यक्तिले वैदेशिक रोजगारीको लागी Process गरेको कागजात वा Visa लागेको कागजात वा श्रमको कागजात पेश गर्नुपर्छ ।

**यस बैंकमा पहिला देखि नै खाता भएका खातावालाले सर्वश्रेष्ठ रेमिट्यान्स बचत खाता खोल्न पाउनुहुन्छ ?**

पाउनुहुन्न ।

## General FAQs on Sarbashrestha Remittance Muddati Khata

**सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खाता कस्तो व्यक्तिले खोल्न पाउनुहुन्छ ?**

सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खाता नेपाली नागरिक जसको नाममा विदेशबाट रेमिट्यान्स आएको हुन्छ उहाँहरुको नाममा मात्र खोल्न मिल्ने एक विशेष मुद्दती खाता हो ।

**सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खाता र अरु मुद्दती खातामा के भिन्नता छ ?**

सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खाता र अरु मुद्दती खाताको मुख्य भिन्नता भनेको यस योजनामा प्रदान गरिने ब्याजदर हो । यस योजनामा अरु मुद्दती योजनामा भन्दा १ प्रतिशत बढी ब्याजदर प्रदान गरिन्छ ।

**सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खाता खोल्न के चाहिन्छ ?**

सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खाता खोल्न रेमिट्यान्स प्राप्त गर्ने व्यक्तिको नाममा रेमिट्यान्स आएको तल उल्लेख गरिएको कुनै एक कागजातको आवश्यकता पर्दछ :

१. रेमिट्यान्स प्राप्त भएको Original Receipt
२. विदेशबाट आएको रेमिट्यान्स खातामा जम्मा भएको statement को प्रमाण
३. विदेशमा रहनु भएकोहरुको हकमा Salary Certificate/ slip वा वैदेशिक रोजगारीको Offer Letter
४. अरु कुनै documents जस्ले रेमिट्यान्स बैंकिङ्ग च्यानलबाट आएको Proof गर्छ
५. माथी उल्लेखित कुनै एक कागजात बाहेक आय स्रोतको declaration form मा अनिवार्य sign गर्नु पर्दछ ।

**सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खातामा पहिला देखि नै बचतमा रहेको पैसालाई थप गरेर खोल्न मिल्छ ?**

मिल्दैन । सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती खाता खोल्न जति पैसाको रेमिट्यान्स आएको Proof दिन सकिन्छ सोही पैसा बराबरको मात्र मुद्दती खाता खोल्न सकिन्छ ।

**सर्वश्रेष्ठ रेमिट्यान्स मुद्दती नविकरण गर्दा सोही योजनामा गर्न मिल्छ ?**

मिल्छ तर अरु Scheme मा भएको मुद्दती यस योजनामा नविकरण गर्न मिल्दैन ।

**रेमिट्यान्सको सम्वन्धमा राष्ट्र बैंकको के कस्तो व्यवस्था छ ?**

वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा निक्षेप राखेमा न्यूनतम १ प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नु पर्नेछ ।

**सर्वश्रेष्ठ रेमिट्यान्स मासिक निक्षेप खाता कस्ले खोल्न पाउनुहुन्छ ?**

सर्वश्रेष्ठ रेमिट्यान्स बचत खाता भएका नेपाली नागरिकहरुले मात्र सर्वश्रेष्ठ रेमिट्यान्स मासिक निक्षेप खाता खोल्न पाउनुहुन्छ ।